जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक २०४ | २०८२ साल चैत ४ गते बुधबार (18 Mar 2026 Wednesday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : 'ब्यालेट विद्रोह' का ... ३ पृष्ठमा : जेनजी आन्दोलन पुनर्निर्माण ... ३ पृष्ठमा : पाकिस्तान-अफगानिस्तान द्वन्द्व ...

## हुरीबतासबाट रुख ढलेर दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**उदयपुर, ३ चैत ।**

उदयपुरको कटारी नगरपालिका ५ र ८ मा हुरीबतासबाट दुई जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक निरञ्जन थापाका अनुसार सोमबार साँझ आएको हुरीका कारण कटारी ८ थलियाटारका ४९ वर्षीया मीनामाया तामाङको कुटमेरो रुखको हाँगाले लागेर मृत्यु भएको छ ।

यस्तै कटारी-५ तीनकुने चोक स्थत राधाकृष्ण मन्दिर नजिकै हुरीबतासका कारण सखुवाको रुख ढलेर लाग्दा ६४ वर्षीय वीरेन्द्र चौधरीको मृत्यु भएको छ ।

हुरीबतासकै कारण घाइते हुनेहरुमा कटारी-८ की स्थानीय २० वर्षीय कमलाकुमारी पुलामीमगर, कटारी-५ का मृतक चौधरीका नातिनी पाँच वर्षीय बिनिशा, सोही वडाका २७ वर्षीय युवराज कार्की, प्रेमचन्द्र दनुवार, लीलबहादुर दनुवार र १६ वर्षीय अस्मिता परियार रहेका छन् ।

घाइतेमध्ये दुई जनालाई विराटनगरस्थित नोबेल अस्पतालमा थप उपचारका लागि रिफर गरिएको छ । कटारी ५ का ४६ वर्षीय लीलबहादुर दनुवार र अर्का २० वर्षीय कमलाकुमारी पुलामी मगरलाई विटाटनगर रिफर गरिएको प्रहरीले बताएको छ । अन्य चार जनाको सोमबार साँझ नै कटारी अस्पतालमा सामान्य उपचारपछि 'डिस्चार्ज' गरिएको प्रहरीले जनाएको छ ।

हुरीबतास र वर्षाको कारण कटारीको पहाडी क्षेत्रमा घरका छाना उडाएको र सामान्य क्षति भएको विवरणहरू प्राप्त भइरहेको प्रहरीले जनाएएको छ ।

## मधेशी दलितको प्रतिनिधित्व शून्य रहेको भन्दै सर्वोच्चमा रिट

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ चैत ।**

प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व शून्य रहेको भन्दै सर्वोच्च अदालतमा रिट दायर भएको छ ।

घनश्याम रजकले समानुपातिकतर्फको निर्वाचनमा पहाडी मूल र मधेशी मूलका दलितलाई समानुपातिक रुपमा सिट नछुट्याएको दाबी गर्दै रिट दायर गरेका हुन् ।

जसउपर यही सोमबार न्यायाधीश डा. नहकुल सुवेदीको एकल इजलासमा सुनुवाइ पनि भएको थियो । निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठ र अधिवक्ताहरू देवशरण यादव, कबिता दुगाना र उमेश रुपाखेतीले बहस गरेका थिए ।

बहसपछि अदालतले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न निर्वाचन आयोग सहितका विपक्षीलाई भनेको छ । संविधानको धारा ४० मा दलितको हकसम्बन्धी व्यवस्था छ ।

फागुन २१ मा सम्पन्न निर्वाचनबाट २ सय ७५ जना प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन् । १ सय ६५ जना प्रत्यक्ष निर्वाचित भएका हुन् भने १ सय १० जना समानुपातिक तर्फबाट निर्वाचित भएका हुन् ।

प्रत्यक्षतर्फ एक जनाले मात्रै चुनाव जिते । निर्वाचन आयोगको तथ्यांकअनुसार प्रत्यक्षतर्फ २ सय ४३ जना दलित समुदायबाट उम्मेदवार थिए । जसमा पुरुष दलित उम्मेदवार २ सय १६ र महिला दलित उम्मेदवार २७ जना थिए । बाँके ३ मा खगेन्द्र सुनारले मात्रै चुनाव जिते ।

समानुपातिक तर्फबाट थप १६ जना सांसद दलित समुदायबाट आएका छन् । रास्वपाबाट ५७ जना सांसद चुनिए । त्यसमा ८ जना दलित समुदायबाट परे । नेपाली कांग्रेसबाट २० जना समानुपातिक सांसद चुनिए । त्यसमा ३ जना दलित समुदायबाट छन् ।

नेकपा एमालेबाट १६ र नेपाली कम्युनिस्ट पार्टीबाट ९ जना समानुपातिक सांसद चुनिँदा दुवैले २/२ जना दलित समुदायबाट प्रतिनिधित्व गराए । श्रम संस्कृति पार्टीबाट ४ जना समानुपातिक सांसद भए । त्यसमा एक जना दलित समुदायबाट रहेका छन् ।

लेखक तथा अधिकारकर्मी प्रदिप परियार पनि यसपटक प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व नरहेको बताउँछन् ।

## अब राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा

काठमाडौं, ३ चैत (रासस) ।

राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा उपलब्ध हुने भएको छ । स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा कृष्णप्रसाद पौडेल र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेबीच सोमबार राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा प्रवाह गर्ने विषयमा समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

बोर्डका सूचना अधिकारी विकेश मल्लले समझादारीअनुसार राष्ट्रिय परिचयपत्र नम्बरमार्फत नागरिकको पहिचान डिजिटल रूपमा प्रमाणीकरण गरी स्वास्थ्य बीमा प्रणालीलाई अझ सुरक्षित, छिटो, विश्वसनीय बनाइने बाउनुभयो ।

"अहिलेको सम्झौताअनुसार बोर्ड र विभागको तथ्याङ्कलाई एकीकृत गर्नेछौँ", उहाँले भन्नुभयो, "त्यसपछि हामीले राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा प्रवाह गर्नेछौँ ।" उहाँले आगामी चैत २५ गतेदेखि राष्ट्रिय परिचयपत्रका आधारका दर्ता र नवीकरण हुने बताउनुभयो ।

स्वास्थ्य बीमा बोर्डमा अहिले एक करोड दुई लाख विमित आबद्ध रहेका छन् । अहिले नागरिकता र चालक अनुमतिपत्रका आधारमा स्वास्थ्य बीमा गर्ने गरिएको छ । सूचना अधिकारी मल्लले राष्ट्रिय परिचयपत्रले बीमा दर्ता, नवीकरण तथा सेवा प्राप्त प्रक्रियालाई सरल बनाउँदै तथ्याङ्क एकीकरण, दोहोरो दर्ता नियन्त्रण र सेवा प्रवाहलाई प्रभावकारी बनाइने बताउनुभयो ।

## सवारी दुर्घटनामा एक जनाको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ३ चैत ।**

सुनसरीको बर्जु गाउँपालिका २ मा सोमबारराति मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोटरसाइकल चालक विराटनगर महानगरपालिका १४ का ३२ वर्षीय जयकृष्ण यादव रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए ।

विराटनगरबाट बेलाहातर्फ जाँदै गरेको प्रदेश १-०४-००२ प ५६५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका यादवको उपचारका क्रममा मृत्यु भएको उनले जानकारी दिए ।

दुर्घटनाग्रस्त मोटरसाइकल इलाका प्रहरी कार्यालय सीतागञ्जको नियन्त्रणमा रहेको छ भने घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । तीव्र गतिका कारण चालकले सडकमा ध्यान नदिँदा दुर्घटना भएको हुनसक्ने प्रहरीले जनाएको छ ।

## समानुपातिकतर्फका उम्मेदवारलाई प्रमाणपत्र दिइने

काठमाडौं, ३ चैत (रासस) ।

निर्वाचन आयोगले यही चैत ५ गते समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका उम्मेदवारलाई प्रमाणपत्र वितरण गर्ने भएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फका निर्वाचन अधिकृत कृष्णबहादुर राउतका अनुसार यही चैत ५ गते बिहान ११:३० बजे आयोग परिसरमा निर्वाचित भएको प्रमाणपत्र वितरण गरिनेछ ।

राजनीतिक दलकोतर्फबाट छनोट भई पेस भएका उम्मेदवारको विवरण आयोगले सार्वजनिक गर्दै निर्वाचित भएको घोषणा गरेको छ । आयोगले राजनीतिक दलकोतर्फबाट निर्वाचित हुनुभएका प्रतिनिधिसभा सदस्यलाई सक्कल नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र, दुईप्रति पासपोर्ट साइजको फोटोसहितको विवरण मंगलबार उपलब्ध गराइदिन आग्रह गरेको छ ।

गत फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा विभिन्न छ राजनीतिक दलले राष्ट्रिय दलको मान्यता पाएका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीले ५७, नेपाली कांग्रेसले २०, नेपाल कम्युनिष्ट पार्टी( एमाले)ले १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले नौ, श्रम संस्कृति पार्टीले चार र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार सिट पाएका छन् ।

कुल २७५ सदस्यीय प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत १६५ र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना निर्वाचित हुने व्यवस्था छ । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारलाई प्रमाणपत्र वितरण गरेपछि यसपटकको निर्वाचन प्रक्रियाले पूर्णता पाउनेछ ।

## किताब जलाएको घटनामा छानबिन गर्न निर्देशन

काठमाडौं, ३ चैत (रासस) ।

गृह मन्त्रालयले नेपाल-चीन सम्बन्धलाई असर पुऱ्याउने किसिमको घटनामा छानबिन गरी दोषीउपर कारबाही गर्न प्रहरीलाई निर्देशन दिएको छ ।

परराष्ट्र मन्त्रालयको

***बाँकी अन्तिम पृष्ठमा***

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।**

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'ब्यालेट विद्रोह' का ६ सन्देश

**राजुप्रसाद चापागाईं**

दलहरूबीचको हारजित आफ्नो ठाउँमा छ, तर यसपालिको निर्वाचनबाट मुलुकले जितेको छ।

निर्धारित समयमा निर्वाचन सम्पन्न हुनु लोकतान्त्रिक स्थायित्वका दृष्टिले महत्त्वपूर्ण उपलब्धि हो। यसले अन्तर्राष्ट्रिय स्तरमा पनि नेपालको लोकतान्त्रिक प्रतिबद्धताको सकारात्मक सन्देश दिएको छ।

यो निर्वाचनको सबैभन्दा उल्लेखनीय पक्ष सत्ताधारी दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय हो।

यो परिणामलाई एक दलको विजयका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन। यो लामो समयदेखि राजनीति सञ्चालन गर्दै आएका मुख्य दलहरू– विशेषगरी नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)–प्रति नेपाली मतदाताले व्यक्त गरेको राजनीतिक असन्तोष र दण्डको प्रकटीकरण हो।

चुनावी परिणामलाई रास्वपा र त्यसका उम्मेदवारहरूले जनताबाट प्रत्यक्ष 'राजनीतिक पुरस्कार' पाएको निष्कर्ष निकाल्नु पनि यथार्थपरक हुँदैन। बरू कांग्रेस, एमाले र माओवादीप्रति गहिरिएको असन्तोष र अविश्वासको चुनावी लाभ रास्वपाले प्राप्त गरेको देखिन्छ। अपवादबाहेक रास्वपाका अधिकांश उम्मेदवारको विजयलाई जनताले रास्वपाप्रति दर्शाएको 'शंकाको सुविधा' को परिणामका रूपमा बुझ्नु जायज हुन्छ।

समग्रमा यो परम्परागत दलहरूविरुद्ध जनताले गरेको मत-आधारित विद्रोह (ब्यालेट विद्रोह) हो। मतदाताले शान्तिपूर्ण तर शक्तिशाली ढंगले पुराना दलप्रति आफ्नो असन्तोष र वैकल्पिक ठानिएको रास्वपाप्रति आशा र अपेक्षा प्रकट गरेका छन्।

पुराना दलहरूप्रतिको जन-असन्तोष अचानक पैदा भएको होइन। विगत तीन दशकदेखि दोहोरिँदै आएका अस्थिर सरकार, कुशासन, दण्डहीनता, भ्रष्टाचार तथा राजनीतिक नैतिकताको संकटले मतदाताको धैर्य क्रमशः क्षीण बनाउँदै ल्याएको थियो। अघिल्ला निर्वाचनहरूमा समेत आम मतदाताहरूले विद्रोहको चेतावनी नदिएका होइनन्। अहिले त्यो असन्तोष पराकाष्ठामा पुगेको र मतमार्फत देशव्यापी रूपमा अभिव्यक्त भएको देखिन्छ।

यस प्रक्रियामा युवा मतदाताको भूमिका विशेष रूपमा उल्लेखनीय रह्यो। उनीहरूले नयाँ विकल्पका पक्षमा मतदान मात्र गरेनन्; सामाजिक र पारिवारिक वृत्तभित्र पनि वैकल्पिक राजनीतिक शक्तिका पक्षमा वातावरण निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेले।

अर्को यथार्थ के हो भने, चुनावी परिणाम उम्मेदवारको व्यक्तिगत योग्यता, अनुभव वा पृष्ठभूमिले मात्र निर्धारण गरेको देखिँदैन। व्यापक राजनीतिक मनोविज्ञान र परिवर्तनको सामूहिक आकांक्षाले परिणामलाई निर्णायक रूपमा प्रभावित गरेको देखिन्छ। यही कारण रास्वपाप्रति केन्द्रित आम मतदाताको आकर्षणले कतिपय जुझारु, अनुभवी र स्वच्छ छवि भएका अन्य दलका उम्मेदवारहरूलाई समेत पराजित गरायो।

यो समग्र परिदृश्यले एउटा स्पष्ट सन्देश दिन्छ – परिवर्तन सधैं सडकबाट मात्र आउँदैन! शान्त रूपमा मताधिकारको प्रयोगबाट पनि आउँछ!

यस अर्थमा ब्यालेट विद्रोहले नेपाली राजनीतिलाई पुनः परिभाषित गर्ने अवसर सिर्जना गरेको छ। त्यसैले यसबाट निष्कर्षित राजनीतिक सन्देशहरूलाई गम्भीरतापूर्वक बुझ्नु र त्यसबाट आवश्यक पाठ सिक्नु आजको महत्त्वपूर्ण आवश्यकता हो।

**१. दलको स्थायी सम्पत्ति होइन जनमत**

यो निर्वाचनले दिएको पहिलो र सबभन्दा स्पष्ट सन्देश यही हो – जनमत कुनै पनि दलको स्थायी सम्पत्ति होइन!

नागरिक समाजले लामो समयदेखि दलहरूलाई 'सकिने कि सुध्रिने?' भन्ने चेतावनी दिँदै आएका थिए। जनताले दलहरूबाट आत्मसमीक्षा, सुधार र नयाँ राजनीतिक संस्कृतिको अपेक्षा गरेका थिए। तर त्यो आवाजलाई दलहरूले गम्भीरतापूर्वक लिएनन्। समयसँगै उनीहरू आम जनताबाट टाढिँदै गए। उनीहरू उल्टो दिशामा अघि बढे।

लोकतान्त्रिक दलको वास्तविक जीवनशक्ति जनविश्वास हो भन्ने बिर्सिए। जनविश्वास र भरोसा यति विघ्न गुमाए कि, उनीहरू सफ्टवेयरविहीन डिभाइस जस्तै भए।

दलहरूले मतदातालाई आफ्नै पेवा जस्तो ठान्नु, कतिपय निर्वाचन क्षेत्रलाई स्थायी 'गढ' का रूपमा लिनु मूर्खतापूर्ण हुन्छ भन्ने कुरा स्थापित भएको छ। जनमत कुनै दल वा नेताको स्थायी स्वामित्वको विषय होइन, त्यसलाई निरन्तर आर्जन र नवीकरण गर्नुपर्छ भन्ने तथ्यलाई निर्वाचनको परिणामले पुनः पुष्टि गरेको छ।

जनताबाट एक पटक समर्थन प्राप्त भयो भन्दैमा त्यो सधैंका लागि सुरक्षित रहन्छ भन्ने धारणा लोकतान्त्रिक राजनीतिको स्वभावसँग मेल खाँदैन। लोकतन्त्रमा अन्तिम निर्णायक शक्ति सधैं मतदाताकै हातमा रहन्छ। नेपालको राजनीतिक इतिहासले यो सत्य बारम्बार प्रमाणित गरेको छ। कुनै समय अत्यन्त प्रभावशाली र लोकप्रिय देखिएका शक्तिहरू केही वर्षमै कमजोर अवस्थामा पुगेका उदाहरणहरू थुप्रै छन्। कांग्रेस, एमाले र तत्कालीन माओवादी – सबैले कुनै न कुनै समयमा व्यापक जनमत प्राप्त गरेका थिए। तर त्यसको प्रयोजन पूरा गर्न चुके।

परम्परागत दलहरूका लागि मात्र होइन यो सन्देश। नयाँ शक्तिका रूपमा उदाएको रास्वपाका लागि पनि उत्तिकै लागू हुन्छ। रास्वपाका पक्षमा मत दिएका सबै मतदाता रास्वपाका स्थायी समर्थक बनेका छैनन्, न त उनीहरूले पुराना दलहरूसँगको सम्बन्ध स्थायी रूपमा तोडेका छन्। आम मतदाता स्वतन्त्र छन्, साझा हुन्छन्।

यसै कारण 'गढ' वा 'पकड क्षेत्र' जस्ता राजनीतिक शब्दावलीहरू पनि क्रमशः अर्थहीन हुँदै गएका छन्। कुनै क्षेत्र वा समुदाय सधैं एउटै दलको प्रभाव क्षेत्रमा रहिरहन्छ भन्ने अब देखिँदैन। विश्वास जागे मतदाताले सत्तामा पुऱ्याउँछन्; निराश भए चुनावको अवसरलाई सदुपयोग गरेर पाखा लगाउँछन्। यो स्वस्थ लोकतन्त्रको मूल स्वभाव हो। त्यसैले लोकतन्त्रमा जनमत जति सहज रूपमा प्राप्त हुन्छ, जनअपेक्षाविपरीत व्यवहार भए त्यति नै छिटो गुम्न पनि सक्छ भन्ने यथार्थलाई सबभन्दा बढी रास्वपा र यसका निर्वाचित प्रतिनिधिहरूले हेक्का राखून्।

**२. जति धेरै जनविश्वास, त्यति धेरै अपेक्षा**

नयाँ राजनीतिक विकल्पप्रति देखिएको उत्साहजनक जनसमर्थनले एउटा स्पष्ट सन्देश दिएको छ – विश्वास जति ठूलो छ, जनअपेक्षा त्यति नै उचाइमा पुगेको छ।

मतदाताले अब सरकार परिवर्तन मात्र हेर्न चाहेका छैनन्; उनीहरूले शासन शैली, अधिकारमुखी कानुन तथा नीतिको कार्यान्वयन, कानुनी शासनको पालना र सार्वजनिक सेवामा ठोस सुधार देख्न चाहेका छन्।

जनताले शासनको गुणस्तरमै परिवर्तन चाहन्छन्। नीतिगत स्पष्टता, संस्थागत सुधार, भ्रष्टाचार नियन्त्रण, आर्थिक अवसरको विस्तार र दक्ष सार्वजनिक सेवा – यी सबै क्षेत्रमा छिटो र मापन गर्न सकिने प्रगति देखियोस् भन्ने अपेक्षा मतदातामा स्पष्ट देखिन्छ। अन्ततः जनविश्वास टिकाइराख्ने आधार राजनीतिक वाचा वा घोषणापत्र होइन, प्रत्यक्ष कार्यसम्पादन नै हुनेछ।

अर्को महत्त्वपूर्ण यथार्थ राजनीतिक इतिहासले बारम्बार देखाएको पनि छ – जब अपेक्षा उच्च हुन्छ, निराशा पनि त्यत्तिकै छिटो जन्मिन सक्छ।

अपेक्षा अनुसार परिणाम देखिएन भने जनसमर्थन घट्ने गति पनि तीव्र हुन सक्छ। त्यसैले नयाँ शक्तिका लागि जनादेश प्राप्त गर्नु जति चुनौतीपूर्ण छ, त्यसलाई दीर्घकालसम्म कायम राख्नु अझ कठिन कार्य हुन सक्छ।

यही कारण नयाँ राजनीतिक नेतृत्वका लागि निरन्तर आत्मसमीक्षा, कार्यसम्पादनको नियमित पुनरवलोकन र जनताबाट प्राप्त प्रतिक्रियालाई नीति तथा व्यवहारमा समेट्ने क्षमता अत्यावश्यक हुन्छ।

**३. मिश्रित निर्वाचन प्रणाली स्थिर सरकारका लागि बाधक हुँदैन**

नेपालको मिश्रित निर्वाचन प्रणालीबारे लामो समयदेखि बहस हुँदै आएको छ। प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वलाई संयोजन गरिएको यो प्रणालीले राजनीतिक समावेशिता सुनिश्चित गर्ने उद्देश्य बोकेको छ।

तर व्यवहारमा राजनीतिक स्थायित्वका दृष्टिले यसको प्रभावकारिता बेला बेला प्रश्नको विषय बन्दै आएको छ। चुनावी परिणाम अपेक्षा अनुसार नआउँदा त्यसलाई प्रणालीकै सीमासँग जोडेर व्याख्या गर्ने प्रवृत्ति पनि देखिन्छ।

तर पछिल्लो अनुभवले एउटा महत्त्वपूर्ण तथ्य स्पष्ट गरेको छ – आम मतदाताको चाहना प्रबल भयो भने, वर्तमान निर्वाचन प्रणाली आफैंमा कुनै अवरोध बन्दैन। कुनै एक राजनीतिक शक्तिप्रति जनमतको तीव्र समर्थनले प्रणालीगत सीमाहरू समेत पार गर्दै स्पष्ट बहुमत र एकल सरकारको सम्भावनालाई यथार्थमा बदल्न सक्छ। यही सन्दर्भमा रोचक विरोधाभास पनि देखिन्छ।

मिश्रित निर्वाचन प्रणालीलाई राजनीतिक अस्थिरताको कारण भन्दै संशोधनको आवश्यकता औंल्याउँदै आएका दलहरू – विशेषतः एमाले र कांग्रेस– लाई यसै प्रणालीबाट सबभन्दा बढी राहत मिलेको छ। प्रत्यक्ष निर्वाचन अन्तर्गत ऐतिहासिक रूपमा खुम्चिएको प्रतिनिधित्व समानुपातिक प्रतिनिधित्वको प्रावधानले केही हदसम्म विस्तार गर्न भूमिका खेलेको छ।

त्यसैले राजनीतिक अस्थिरताको मूल कारण प्रणालीमा भन्दा पनि राजनीतिक दलहरूको आचरण, गठबन्धन संस्कार र शासन शैलीमा खोजिनु बढी यथार्थपरक देखिन्छ।

**४. जनता परिणाम चाहेका छन्, प्रतिबद्धताको चाङ होइन**

नेपालको राजनीतिक भाष्यमा विकास, सुशासन र समृद्धिका वाचा दशकौंदेखि दोहोरिँदै आएका छन्। हरेक चुनावका बेला ठूला ठूला नारा, आकर्षक घोषणापत्र र महत्वाकांक्षी योजनाहरू सार्वजनिक गरिँदै आएका छन् – अहिले पनि त्यही क्रम जारी छ।

विगतमा तीमध्ये धेरै वाचाहरू व्यवहारमा रूपान्तरण हुन नसक्दा जनतामा क्रमशः निराशा बढ्दै गएको देखिन्छ। त्यसो नहुँदो हो त पछिल्लो जेनजी आन्दोलनको आवश्यकता पनि पर्ने थिएन।

राजनीतिमा भाषण, प्रतिबद्धता र वाचा अवश्य आवश्यक हुन्छन्। तर जब ती बारम्बार ब्याङ्क चेक जस्ता बन्छन्, तब दलको विश्वसनीयता क्षीण हुँदै जान्छ। लामो समयसम्म दोहोरिएका वाचा मात्रले जनमत वा जनविश्वास टिकाइराख्न सक्दैनन्। प्रतिबद्धताको व्यावहारिक अनुवाद अपरिहार्य हुन्छ।

सबै कुरा एकैचोटि सम्भव नहुन सक्छ। तर कम्तीमा मापनयोग्य प्रगतिशील प्राप्ति ( ञ्भबकगचबदभि उचयनचभककष्खभ चभबष्शिबतष्यल) र त्यसबाट आम नागरिकको जीवनमा परेको समतामूलक प्रभाव देखाउन सक्नुपर्छ।

विकास, सुशासन र आर्थिक अवसर अब केवल राजनीतिक नाराका विषय होइनन्; ती नागरिक जीवनका प्रत्यक्ष आवश्यकतामा रूपान्तरित भइसकेका छन्। त्यसैले मतदाताहरू आकर्षक नारा र भाषणभन्दा पनि ठोस परिणाम हेर्न चाहन्छन्। अहिले मतदाताहरू पहिलेभन्दा बढी व्यावहारिक र सचेत बन्दै गएका छन्।

सडकको गुणस्तर, शिक्षा र स्वास्थ्य सेवाको पहुँच, रोजगारीका अवसर, जीविकोपार्जनका आधारको सुरक्षा, पारदर्शी र उत्तरदायी प्रशासन, 'विभेद, बहिष्करण, सीमान्तीकरण, भूमिहीनता, आवासविहीनता तथा चरम गरिबीजस्ता द्वन्द्वका संरचनात्मक कारक तत्वहरूको यथोचित र दिगो सम्बोधन' तथा सेवामा सहज र समतामूलक पहुँच – यी विषयहरू अब असाधारण अपेक्षा होइनन्। यी नागरिकका वैध अपेक्षा र दलहरूका थाति वाचाहरू हुन्।

यी केवल चुनावी घोषणापत्रका विषय होइनन्; संविधानले प्रत्याभूति गरेका आधारभूत अधिकारहरू हुन्।

यस अर्थमा अहिले देखिएको परिवर्तनलाई परिणाममुखी राजनीतिको बढ्दो सामाजिक मागको प्रकटीकरणका रूपमा पनि बुझ्न सकिन्छ। जनताले अब वाचा होइन, कार्यसम्पादनको प्रमाण खोजिरहेका छन् भन्ने सन्देश विजयी दलहरूले मात्र होइन, पराजित दलहरूले पनि गम्भीरतापूर्वक बुझ्न आवश्यक छ।

छलछाम वा खोक्रा वाचामार्फत पराजितहरूको पुनरुत्थान सम्भव हुने छैन। 'ब्यालेट विद्रोह' ले दिएको मुख्य सन्देशमध्ये यो पनि एक हो।

**५. स्थापित दलहरूको हार, पुनर्निर्माणको अवसर**

लामो समयदेखि सत्ताको केन्द्रमा रहेका दलहरूले शासन सञ्चालनको महत्त्वपूर्ण अनुभव सञ्चित गरेका छन्। राज्य सञ्चालन, नीतिनिर्माणमा उनीहरूको भूमिका छ।

तर यही लामो राजनीतिक यात्राको क्रममा जनतामा उनीहरूप्रति गहिरो वितृष्णा पनि विकसित हुँदै गयो, जसको परिणाम स्वरूप अहिलेको ऐतिहासिक पराजय आइपुग्यो। तथापि यसलाई दलहरूको अन्तिम पराजयका रूपमा बुझ्नु आवश्यक छैन। बरू दल पुनर्निर्माणको अवसरका रूपमा लिन सकिन्छ।

अहिले उनीहरूका लागि आत्मसमीक्षा गर्ने, आफ्नो राजनीतिक कार्यशैली पुनः परिभाषित गर्ने, नेतृत्व पुस्तान्तरण गर्ने, आन्तरिक लोकतन्त्र सुदृढ गर्ने र जनविश्वास पुनः आर्जन गर्ने अवसर खुलेको छ। उनीहरूले यस अवसरलाई कसरी बुझ्छन् र समयोचित कदम चाल्छन् कि चाल्दैनन् – त्यो समयले नै देखाउनेछ।

लोकतान्त्रिक व्यवस्थामा कुनै पनि राजनीतिक दलको शक्ति केवल इतिहास, संगठन वा परम्परागत आधारमा टिकिरहँदैन। त्यो निरन्तर जनविश्वास र कार्यसम्पादनबाट नवीकृत हुँदै जान्छ।

चुनौतीलाई सकारात्मक रूपमा ग्रहण गर्न सकेमा स्थापित दलहरूका लागि अहिलेको समय पुनर्निर्माण र नवीकरणको महत्त्वपूर्ण अवसर बन्न सक्छ।

**६. खोजी नयाँ दलको होइन, नयाँ राजनीतिक संस्कृतिको**

यो निर्वाचनले देखाएको अर्को महत्त्वपूर्ण संकेत नयाँ राजनीतिक संस्कृतिको खोजी हो।

मतदाताले केवल

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जेनजी आन्दोलन पुनर्निर्माण कार्ययोजना : आगामी वर्ष तीनै तहका सरकारले बजेट छुट्याउनुपर्ने

काठमाडौं, ३ चैत (रासस)।

गत भदौ २३ र २४ गते देशका विभिन्न स्थानमा भएको आन्दोलनले व्यापक भौतिक तथा आर्थिक क्षति पुर्‍याएपछि सरकारले त्यसको पुनर्निर्माण र पुनर्व्यवस्थापनका लागि विस्तृत कार्ययोजना सार्वजनिक गरेको छ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा प्रकाशकुमार श्रेष्ठको नेतृत्वमा गठित समितिको प्रतिवेदनका आधारमा तयार गरिएको कार्ययोजनाले क्षतिको परिमाण, पुनर्निर्माणको रणनीति, स्रोत व्यवस्थापन र निजी क्षेत्र पुनरुत्थानसम्मका विषयलाई समेटेको छ। साथै चालु आर्थिक वर्ष र आगामी दुई आर्थिक वर्ष तीनवटै तहका सरकारले पुननिर्माणका लागि बजेट विनियोजन गर्नेगरी कार्ययोजना तयार पारिएको छ।

आयोगले पुनर्निर्माण कार्यलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने योजना बनाएको छ। तत्कालीन, मध्यमकालीन र दीर्घकालीन रणनीतिका आधारमा कार्य अगाडि बढाइने कार्ययोजनामा उल्लेख छ। त्यसैगरी, कार्ययोजनाले पुनर्निर्माणको मूल आधारका रूपमा आन्तरिक स्रोत परिचालनलाई प्राथमिकता दिएको छ। तीनै तहका सरकारले आफ्नै स्रोतबाट पुनर्निर्माण अघि बढाउने, अपुग भएमा सङ्घीय सरकारले सहयोग गर्ने नीति तय गरिएको छ। साथै, निजी क्षेत्र र गैरसरकारी संस्थासँग सहकार्य गर्दै समन्वयात्मक ढङ्गले पुनर्निर्माण अघि बढाउने रणनीति लिइएको छ।

राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा दिबाकर लुइटेलका अनुसार क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका अल्पकालिन र दीर्घकालीन योजना तयार पारी सोहिअनुसार बजेट विनियोजन गर्नुपर्नेछ। "केहि कामहरू चालु आर्थिक वर्षको बजेटबाटै पनि सुरु भइसकेका छन्। आगामी आर्थिक वर्षको बजेट बनाउँदै गर्दा पनि जेनजी आन्दोलनबाट भएको क्षतिको पुनर्निर्माणका लागि निश्चित बजेट छुट्याउने पर्ने विषयमा छलफल चलिरहेका छन्। तीनवटै तहका सरकारले आगमी आर्थिक वर्षको बजेटमा यो विषयलाई प्राथमिकतामा राखुन् भन्ने उद्देश्य हो", उहाँले राससँग भन्नुभयो।

कार्ययोजनाअनुसार सरकारले सेवाग्राहीमैत्री, मितव्ययी र विपद् प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिएको छ भने भविष्यमा यस्ता क्षतिहरू न्यून गर्ने लक्ष्य राखेको छ। सङ्घीय सरकारका लागि चालु आर्थिक वर्षमा करिब रु चार अर्ब ३४ करोड आवश्यक पर्ने देखिएको छ भने आगामी दुई आर्थिक वर्षमा प्रत्येक वर्ष रु १० अर्ब १८ करोडका दरले बजेट छुट्याउनुपर्ने अनुमान गरिएको छ। त्यस्तै, प्रदेश सरकारका लागि चालु वर्षमा करिब रु ८१ करोड २५ लाख र आगामी दुई वर्षमा प्रत्येक वर्ष रु एक अर्ब ४६ करोड आवश्यक पर्नेछ। स्थानीय तहका लागि चालु वर्षमा रु एक अर्ब ४२ करोड र आगामी दुई वर्षमा प्रत्येक वर्ष रु तीन अर्ब २१ करोड बजेट आवश्यक पर्ने अनुमान गरिएको छ।

तीनवटै तहका सरकारले प्रारम्भिक मर्मत सम्भारका लागि चालु बजेटबाटै रकमान्तर गर्ने, मौजुदा सवारीसाधन र सम्पत्तिको उपयोग गर्ने तथा आवश्यक परेमा मात्रै नयाँ खरिद गर्ने नीति लिइएको छ। साथै, सबै सरकारी सम्पत्तिको अनिवार्य बिमा गर्ने व्यवस्था समेत प्रस्ताव गरिएको छ।

सरकारले पुनर्निर्माणका लागि आवश्यक स्रोत जुटाउन खर्च व्यवस्थापनमा कडाइ गर्ने नीति लिएको छ। साना, टुक्रे र प्रभावहीन आयोजना कटौती गर्ने, तीन करोडभन्दा कम लागतका आयोजना संघीय सरकारले नगर्ने, र त्यस्ता कार्यक्रम प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने नीति लिइएको छ।

यसका साथै, संघीय सरकारले सञ्चालन गर्दै आएका केही कार्यक्रमहरू– जस्तै लघु उद्यम विकास, जनता आवास, खरका छाना मुक्त कार्यक्रम–अब स्थानीय तहले नै सञ्चालन गर्ने गरी संघीय स्तरबाट हटाइने भएको छ। सरकारले विकास साझेदार र गैरआवासीय नेपालीहरूबाट समेत पुनर्निर्माण कोषमा सहयोग जुटाउने योजना बनाएको छ। यस्तो सहयोग गर्नेहरूलाई राज्यले सम्मान गर्ने नीति पनि उल्लेख गरिएको छ।

आन्दोलनबाट निजी क्षेत्र पनि गम्भीर रूपमा प्रभावित भएको छ। कुल रु ३३ अर्बभन्दा बढी क्षति भएकोमा सबैभन्दा बढी असर व्यवसायिक प्रतिष्ठानहरूमा परेको छ। करिब रु २७ अर्ब ४९ करोड बराबरको क्षति व्यवसायिक क्षेत्रमा भएको छ भने व्यक्तिगत घरपरिवारमा करिब रु ६ अर्ब बराबरको क्षति भएको छ। क्षतिको संरचनागत विश्लेषण गर्दा भवन तथा घरमा करिब ४५ प्रतिशत, सवारीसाधनमा ५ दशमलव ५ प्रतिशत र बाँकी अन्य सम्पत्तिमा क्षति भएको देखिन्छ। करिब रु २३ अर्ब बराबरको बिमा दाबी परेको छ।

कोभिड–१९ पछिको कमजोर अर्थतन्त्र र बाह्य क्षेत्रको दबाबका बीच आएको यस क्षतिले निजी क्षेत्रको मनोबल थप कमजोर बनाएको विश्लेषण गरिएको छ। सरकारले निजी क्षेत्र पुनर्जीवनका लागि विभिन्न राहत तथा सहुलियत कार्यक्रम प्रस्ताव गरेको छ। क्षति भएका भवनहरूको नक्सापास शुल्कमा छुट दिन स्थानीय तहलाई आग्रह गर्ने तथा सम्पत्ति करमा तीन वर्षसम्म छुट दिने व्यवस्था गर्नुपर्नेलगायत विषय कार्ययोजनामा उल्लेख छन्।

बिमा भएका संरचनाहरूको दाबी छिटो भुक्तानी गर्नुपर्ने तथा बिमा कम्पनीहरूमा तरलताको अभाव भएमा नेपाल राष्ट्र बैंक तथा अन्य वित्तीय संस्थाबाट सहुलियत ऋण उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ। त्यस्तै, बैंकिङ क्षेत्रमा पनि सहुलियत दिने, चालु पूँजी कर्जालाई किस्ताबन्दी कर्जामा रूपान्तरण गर्न सकिने, कर्जा पुनःसंरचना अवधि २०८३ असारसम्म बढाइने, र आवश्यकताअनुसार ग्रेस अवधि थप गर्ने व्यवस्था गरिने लगायतका विषय कार्ययोजनामा राखिएका छन्। त्यस्तै, स्थिर ब्याजदरमा पाँच वर्षसम्म कर्जा उपलब्ध गराउने व्यवस्था समेत प्रस्ताव गरिएको छ, जसमा आधार दरमा केवल शून्य दशमलव पाँच प्रतिशत प्रिमियम थप्नुपर्ने उल्लेख छ।

आन्दोलनका क्रममा सार्वजनिक सेवाग्राहीका सवारीसाधन, मोबाइल, ल्यापटप, लत्ताकपडा जस्ता सामग्रीमा क्षति भएको अवस्थामा राज्यले आंशिक राहत दिने व्यवस्था मिलाइनुपर्ने पनि उल्लेख छ। प्रहरी मुचुल्काका आधारमा जिल्ला प्रशासन कार्यालयमार्फत कुल क्षतिको २५ प्रतिशतसम्म राहत उपलब्ध गराउन सकिने आयोगले तयार पारेको कार्ययोजनामा उल्लेख छ।

सरकारले विस्तृत कार्ययोजना सार्वजनिक गरे पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ। राजस्व संकलन कमजोर रहेको, सङ्घीय संरचनामा खर्च बढिरहेको र आर्थिक दबाब उच्च रहेको अवस्थामा यति ठूलो परिमाणको पुनर्निर्माण कार्य सम्पन्न गर्न वित्तीय अनुशासन, समन्वय र पारदर्शिता आवश्यक पर्ने देखिन्छ।

सरकारी तथ्यांकअनुसार आन्दोलनका कारण कुल रु ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको क्षति भएको छ। यसमध्ये सरकारी तथा सार्वजनिक क्षेत्रमा सबैभन्दा बढी क्षति देखिएको छ भने निजी क्षेत्र पनि गम्भीर रूपमा प्रभावित भएको छ। सरकारी संरचनामा मात्रै करिब रु ४४ अर्ब ९३ करोड बराबरको क्षति भएको छ भने निजी क्षेत्रतर्फ रु ३३ अर्ब ५४ करोड बराबरको नोक्सानी भएको छ। सामुदायिक तथा अन्य क्षेत्रमा करिब रु पाँच अर्ब ९७ करोड क्षति भएको प्रतिवेदनले देखाएको छ।

सरकारी संरचनाभित्र सङ्घीय सरकार सबैभन्दा बढी प्रभावित भएको देखिन्छ। जहाँ करिब रु २९ अर्ब ६७ करोड बराबरको क्षति भएको छ। त्यसपछि स्थानीय तहमा करिब रु नौ अर्ब ८१ करोड र प्रदेश सरकारमा रु चार अर्ब ४९ करोड बराबरको क्षति भएको छ।

तीनवटै तहका सरकारका संरचनाहरू पुनर्निर्माण र पुनर्व्यवस्थापन गर्न करिब रु ३६ अर्ब ३० करोड खर्च लाग्ने अनुमान गरिएको छ। यसमध्ये भवन पुनर्निर्माणमा मात्रै करिब रु २० अर्ब खर्च हुने देखिएको छ। त्यस्तै सवारीसाधन खरिदमा रु छ अर्ब १६ करोड र अन्य सम्पत्तिमा रु १० अर्ब १४ करोड खर्च हुने अनुमान गरिएको छ।

---

## 'ब्यालेट विद्रोह'...

सत्ताधारी दल परिवर्तन गरेका छैनन्; उनीहरूले राजनीतिक शैली, संस्कार र कार्यपद्धतिमा पनि परिवर्तनको अपेक्षा व्यक्त गरेका छन्।

यसका संकेतहरू मतदान व्यवहारमै देखिएका छन्। परम्परागत रूपमा राजनीतिमा दीर्घकालदेखि संलग्न पेशेवर व्यक्तिहरूभन्दा पेसागत दक्षता र तुलनात्मक रूपमा नयाँ उम्मेदवारप्रति आकर्षण बढ्दै गएको देखिन्छ।

यसले नेपाली राजनीतिमा परिवर्तनको एउटा सूक्ष्म तर महत्त्वपूर्ण प्रवृत्ति देखाउँछ। अब राजनीतिक शक्ति परम्परागत संगठन, वंश वा संरचनाको निरन्तरताबाट मात्र सुरक्षित रहने अवस्था क्षीण हुँदै गएको छ। यो प्रवृत्तिले लोकतन्त्रलाई अझ उत्तरदायी, परिणाममुखी र दिगो बनाउन सक्छ। यसले राजनीतिमा नयाँ पुस्ताको सहभागिता, नवप्रवर्तन र नेतृत्वको गुणस्तर पनि सुदृढ गर्ने सम्भावना देखिन्छ।

अन्ततः यस पटक देखिएको 'ब्यालेट विद्रोह' ले निर्वाचित नयाँ शक्तिलाई देशको दिशा बदल्ने र दशा सुधार्ने ऐतिहासिक अवसर दिएको छ भने परम्परागत दलहरूलाई पनि आत्मसमीक्षा गर्दै आफूलाई सुधार्ने महत्त्वपूर्ण सन्दर्भ प्रदान गरेको छ।

जित्नु भनेको सत्तामा पुग्नु मात्र होइन, जनताप्रतिको गम्भीर जिम्मेवारीको भार बोक्नु हो। त्यसैगरी हार्नु भनेको जिम्मेवारीबाट मुक्त हुनु होइन, बरू लोकतान्त्रिक दायित्वलाई अझ गम्भीरतापूर्वक आत्मसात् गर्ने अवसर हो।

देशले सामना गरिरहेका गम्भीर चुनौतीहरू समाधान गर्न तथा दिगो शान्ति र समृद्धिको प्रतिबद्धता पूरा गर्न सबै राजनीतिक दल र शक्तिहरूको साझा प्रयास अपरिहार्य छ। जित्ने र हार्ने दुवैले यस परिणामलाई अवसरका रूपमा ग्रहण गर्दै जिम्मेवारीबोधका साथ रचनात्मक भूमिका खेल्न आवश्यक छ।

अस्थिरता, दण्डहीनता र कुशासनको चक्र तोड्दै जवाफदेही, पारदर्शी र परिणाममुखी शासनको दिशामा अघि बढ्नु आजको अनिवार्य आवश्यकता हो। यही नै सम्पूर्ण नागरिकहरूको वैधानिक र न्यायोचित अपेक्षा हो। (लेखक राजप्रसाद चापागाईं वरिष्ठ अधिवक्ता हुन्) सेतोपाटीबाट

---

# विश्व समाचार

## पाकिस्तान-अफगानिस्तान द्वन्द्व : अस्पताल नष्ट, हजारौँ नागरिक प्रभावित

काबुल, अफगानिस्तान, ३ चैत (रासस/एपी)।

अफगान सरकारले सोमबार राति काबुल अस्पतालमा पाकिस्तानको हवाई आक्रमणमा कम्तीमा ४०० मानिस मारिएको दाबी गरेको छ। उक्त घटना पछिल्लो महिनाको अन्त्यमा सुरु भएको सीमा विवादलाई तीव्र बनाउने किसिमको छ, जसमा बारम्बार सीमा पारको भिडन्त र हवाई आक्रमण भएका छन्। अन्तर्राष्ट्रिय समुदायले शान्ति वार्ता र युद्धविरामको आह्वान गरे पनि त्यसको कुनै असर नभएको देखिएको छ। अफगान उपप्रवक्ता हम्दुल्लाह फिटरतका अनुसार, आक्रमण राति ९ बजे अस्पतालमा भएको थियो र दुई हजार बेड क्षमता भएको अस्पतालको ठूलो भाग ध्वस्त भएको छ। अहिलेसम्म कम्तीमा ४०० मानिस मारिएको छ भने २५० भन्दा बढी घाइते भएका छन्। स्थानीय सञ्चार माध्यमले सुरक्षा अधिकारीहरूले शव व्यवस्थापन गर्दै र दमकलले आगो निभाउँदै गरेको दृश्य देखाएका छन्।

**पाकिस्तानको प्रतिक्रिया**

पाकिस्तानले अस्पतालमा कुनै आक्रमण नभएको दाबी गर्दै अफगानिस्तानको आरोपलाई अस्वीकार गरेको छ। प्रधानमन्त्री शहबाज शरीफका प्रवक्ता मोशर्रफ जैदीले यसलाई आधारहीन भनेका बताउनुभयो। पाकिस्तानका सूचनामन्त्री अताउल्लाह तरारले हवाई आक्रमण केवल काबुल र नङ्गरहर प्रान्तका सैन्य संरचना र गोला बारूद भण्डारमा लक्षित भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सबै आक्रमण त्यस्ता संरचनामा मात्र केन्द्रित गरिएको थियो जुन अफगान तालिबानले आफ्नो आतंककारी समूहलाई समर्थन गर्न प्रयोग गर्दै आएको थियो।"

**संयुक्त राष्ट्रको आह्वान**

सुरक्षा परिषदले अफगानिस्तानका तालिवान नेतृत्वलाई आतङ्कवाद नियन्त्रणका लागि तुरुन्त कदम चाल्न आह्वान गरेको छ। पाकिस्तानले अफगानिस्तानमाथि आफ्ना देशमा पाकिस्तानी तालिवान र अन्यसमूहलाई शरण दिएको आरोप लगाएको छ, जुन अफगान सरकारले अस्वीकार गरेको छ।

**हालको द्वन्द्व**

सबैभन्दा तीव्र भिडन्त फेब्रुअरीको अन्त्यमा सुरु भएको थियो, जब अफगानिस्तानले पाकिस्तानमा हवाई आक्रमणको जवाफमा सीमा पार आक्रमण गरेको थियो। यसले अक्टोबरमा कतरले मध्यस्थता गरेको युद्धविरामलाई भङ्ग गरेको थियो। पाकिस्तानले अफगानिस्तानसँग 'खुल्ला युद्ध' घोषणा गरेको छ।

अफगान उपप्रधानमन्त्री अब्दुल सलाम हानफीले भन्नुभयो, "राष्ट्रिय स्वाभिमानको रक्षा सबै नागरिकको कर्तव्य हो।" उहाँले नागरिक क्षति प्रति दुःख व्यक्त गर्दै युद्ध आफैंमा अफगानिस्तानमाथि थोपिएको बताउनुभयो।

## श्रीलंकामा इन्धन संकट, सरकारी कार्यालय बुधबार बन्द रहने

कोलम्बो, ३ चैत (रासस/सिन्ह्वा)।

श्रीलङ्काले देशमा देखिएको इन्धन अभाव व्यवस्थापन गर्न सरकारी क्षेत्रका कर्मचारीहरूको काम गर्ने समय तालिकामा परिवर्तन गर्ने निर्णय गरेको छ। मङ्गलबार जारी गरिएको सूचनाअनुसार मार्च १८ देखि सरकारी कर्मचारीहरूका लागि हरेक बुधबार साप्ताहिक बिदा दिने व्यवस्था लागू गरिने भएको छ।

आवश्यक सेवाका आयुक्त प्रभात चन्द्रकीर्थीले सार्वजनिक गरेको जानकारी अनुसार सबै सरकारी विद्यालय, विश्वविद्यालय तथा अदालतहरू पनि बुधबार बन्द रहनेछन्। तर स्वास्थ्य सेवा, बन्दरगाह, खानेपानी आपूर्ति र भन्सारजस्ता अत्यावश्यक सेवामा भने यो निर्णय लागू हुने छैन।

सरकारी निकायका प्रमुखहरूले कामको आवश्यकताका आधारमा बाँकी चार कार्यदिनभित्र कर्मचारीलाई काममा बोलाउन सक्ने अधिकार राख्ने पनि बताइएको छ। यससँगै इन्धन सङ्कटलाई ध्यानमा राख्दै सरकारले अर्को सूचना नभएसम्म सबै सरकारी कार्यक्रमहरू स्थगित गरेको छ। साथै निजी क्षेत्रका संस्थाहरूलाई पनि सम्भव भएसम्म यस्तै व्यवस्था अपनाउन सरकारको अनुरोध रहेको छ।

## इरानसँगको युद्ध यो साता सकिने सम्भावना कम : ट्रम्प

वासिङ्टन, ३ चैत (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग जारी अमेरिकी-इजरायली युद्ध यसै साता समाप्त हुने सम्भावना कम रहेको बताउनुभयो, यद्यपि उहाँले द्वन्द्व 'छिट्टै अन्त्य हुने' दाबी दोहोऱ्याउनुभएको छ। ह्वाइट हाउसमा सोमबार पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले युद्ध यसै साता सकिन्छ कि भन्ने प्रश्नमा 'म त्यस्तो ठान्दिनँ, तर चाँडै अन्त्य हुनेछ,' भन्नुभयो। उहाँले भन्नुभयो, "धेरै समय लाग्दैन, यो छिट्टै टुंगिन्छ।"

ट्रम्पले चाँडै नै होर्मुज जलडमरूमध्यबाट गुड्ने जहाजहरूको सुरक्षा गर्न प्रस्ताव गरिएको अमेरिकी गठबन्धनमा सामेल हुन सहमत भएका देशहरूको नाम घोषणा गर्ने पनि बताउनुभयो। उक्त समुद्री मार्गबाट विश्वको करिब २० प्रतिशत तेल आपूर्ति हुने भएकाले यसलाई अत्यन्त महत्वपूर्ण मानिन्छ। अमेरिकी प्रस्तावित सुरक्षा गठबन्धनमा धेरै अमेरिकी सहयोगी देशहरूले स्पष्ट समर्थन जनाएका छैनन् वा सहभागी हुन अस्वीकार गरेका देखिन्छन्। ट्रम्पले युरोपेली सहयोगीहरूको यस विषयमा देखिएको अनिच्छाप्रति आलोचना समेत गर्नुभयो।

यसैबीच, युरोपेली सङ्घकी शीर्ष कूटनीतिज्ञ काया कालासले ब्रसेल्समा बोल्दै युरोपलाई लामो समयसम्म चल्ने युद्धमा रुचि नभएको बताउनुभयो। उहाँले यो युरोपको युद्ध नभए पनि यसको प्रभाव युरोपका हितसँग जोडिएको उल्लेख गर्नुभयो। संयुक्त राज्य अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि व्यापक आक्रमण सुरु गरेका थिए। त्यसयता द्वन्द्वका कारण अन्तर्राष्ट्रिय जलमार्गमा ढुवानी प्रभावित भएको, तेलको मूल्य बढेको र विश्व अर्थतन्त्रमा अस्थिरता बढेको बताइएको छ।

# नयाँ सरकारका प्राथमिकता : शून्य भ्रष्टाचार र झन्झटरहित सेवा प्रवाह

**नारायण न्यौपाने/अशोक घिमिरे**

काठमाडौं, ३ चैत (रासस) ।

'जेनजी' आन्दोलनपछि सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले आमनागरिकलाई उत्साहित तुल्याएको छ ।

अस्थिर राजनीतिका कारण देशमा भ्रष्टाचार र बेथितिले जरा गाडेको अवस्थामा प्रतिनिधिसभामा करिब दुई तिहाइ सिटसहित एउटा दलले सरकार गठन गर्ने अवसर पाएको छ ।

नयाँ संविधान जारी भएपछि अवलम्बन गरिएको मिश्रित निर्वाचन प्रणालीमा कुनै राजनीतिक दलको एकल बहुमत आउँदैन भन्ने भाष्यलाई यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई प्राप्त परिणामले खण्डित तुल्याइदिएको छ । भ्रष्टाचार अन्त्य, सुशासन र सेवा प्रवाहलाई प्रमुख मुद्दा बनाएर निर्वाचनमा होमिएको रास्वपा एक्लैले २७५ सदस्यीय प्रतिनिधिसभामा १८२ सिट प्राप्त गरेको छ । रास्वपाले वरिष्ठ नेता बालेन्द्र शाहलाई प्रधानमन्त्रीका रूपमा अघि सारेको छ ।

राजनीतिक विश्लेषक र समाजशास्त्रीहरू नयाँ सरकारले सुशासन, सामाजिक न्याय, रोजगारी सृजना, सरल सेवा प्रवाह तथा राजनीतिक सहमतिका आधारमा संविधान संशोधनलाई प्राथमिकतामा राखेर काम गर्न सुझाउनुहुन्छ ।

पूर्वराजदूत जयराज आचार्य नयाँ जनमतको स्वागत गर्दै गत भदौ २३ को विद्रोह र निर्वाचनको परिणामले जनअपेक्षाअनुरुप सरकार अघि बढ्नुपर्ने बताउनुहुन्छ ।

"भ्रष्टाचाररहित शासन र जनताका काम सजिलैसँग होस्, संविधान संशोधनको विषय जटिल छ । एउटै पार्टीको दुई तिहाइ बहुमत नै पुगेको भए संविधान संशोधन हुनसक्थ्यो । संविधान संशोधनभन्दा पनि तत्काल सम्बोधन गर्नुपर्ने विषय नै प्राथमिकता हुनुपर्छ ।"

पश्चिम एसियाली मुलुकमा सिर्जितका कारण सरकारको प्राथमिकता नै फेरिन गएको उहाँको भनाइ छ । "द्वन्द्व नभएको भए सडक पूर्वाधार र कृषि क्षेत्रलाई आवश्यक पर्ने मलखादतर्फ केन्द्रित गर्नुपर्थ्यो," पूर्वराजदूत आचार्यले भन्नुभयो, "तर अहिले इरान-इजरायल युद्ध कारणले पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या देखिएको छ, त्यसमा कूटनीतिक पहल गरेर जनताको दैनिकी अभावलाई सम्बोधन गर्नुपर्ने जिम्मेवारी सरकार सामुन्ने आइसकेको छ ।"

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमा निर्वाचनपछि युवापन, जोस, जाँगर र विद्रोहतासहित रास्वपा सरकारको नेतृत्व गर्ने अवस्थामा पुगेकाले जनचाहना सम्बोधन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहयोग लिएर अगाडि बढ्नुपर्ने बताउनुहुन्छ । "सुशासन र सेवा प्रवाहसम्बन्धी जनताका आशालाई साकार गर्नुपर्छ । अबका दिन उज्यालो पार्न सक्नुपर्छ", उहाँले भन्नुभयो ।

सुशासनलाई प्रमुख मुद्दा बनाएर रास्वपाको उदय भएको उल्लेख गर्दै पूर्वउपकुलपति माथेमा भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, सरल सेवा प्रवाह, बलियो सुरक्षा व्यवस्था र सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउनुपर्नेमा जोड दिनुहुन्छ ।

पूर्वउपकुलपति माथेमाले राससससँग भन्नुभयो, "संविधान संशोधनका विषय यसअघि पनि उठ्दै आएको छ । यो निकै महत्वपूर्ण छ । संविधान कार्यान्वयनका १० वर्ष पुगेको छ । सुशासन र सङ्घीयता कार्यान्वयमा बाधक विषय अब सुधार गरेर लैजानुपर्छ ।"

समाजशास्त्री मीना पौडेल सरकारले तत्कालै आप्रवासनलाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुहुन्छ । "श्रम कूटनीति र परराष्ट्र नीतिमा सरकार स्पष्ट हुन आवश्यक छ । विद्यमान नीतिनियमलाई समयसापेक्ष तुल्याउँदै कार्यान्वयनमा लैजानुपर्छ", उहाँले भन्नुभयो ।

जनप्रतिनिधि दल विशेषका नभई जनताका प्रतिनिधि हुनुपर्नेमा धारणा व्यक्त गर्दै उहाँले युवा पुस्ताको नेतृत्वमा सत्ता परिवर्तन भएको अवस्थामा आन्तरिक र बाह्य रोजगारीको व्यवस्था गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

संविधान संशोधनका क्रममा महिलाका अधिकार सुनिश्चित गर्दै उनीहरूलाई सार्वभौम बनाउनुपर्ने उहाँको भनाइ छ । संविधान कार्यान्वयनमार्फत सामाजिक न्याय प्रत्याभूत र सङ्घीयता लागू गर्न सकिएमा सुशासन कायम हुनेमा उहाँ विश्वस्त हुनुहुन्छ ।

# कांग्रेस विशेष महाधिवेशनबाट निर्वाचित समितिको विवरण संविधान एवं कानुनअनुसार अद्यावधिक गरिएको हो : निर्वाचन आयोग

काठमाडौं, ३ चैत (रासस) ।

निर्वाचन आयोगले नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका पदाधिकारी एवं सदस्यहरूको विवरण आयोगको अभिलेखमा अद्यावधिक गर्दा नेपालको संविधान एवं कानुनबमोजिम गरिएको स्पष्ट पारेको छ ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिमा आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र सम्बन्धित दलको विधान एवं अन्य प्रचलित कानुनबमोजिम गरेको निर्णयको विषयलाई सार्वजनिक सञ्चारमाध्यममा अन्यथा अर्थ लगाई टिप्पणी गरिएकाप्रति ध्यानाकर्षण भएको जनाइएको छ ।

निर्णयमा चित्त नबुझेको पक्षले कानुनी उपचार खोज्ने अधिकारबमोजिम यस विषयमा सम्मानित सर्वोच्च अदालतमा परेको रिट निवेदनलाई सम्मान गरेको र आयोगको निर्णयउपर सम्मानित सर्वोच्च अदालतबाट परीक्षण हुने आयोगले जनाएको छ ।

संवैधानिक निकायले गरेको निर्णय र अदालतमा विचाराधीन विषयमा कानुनका मान्यसिद्धान्त, कानुनी व्यवस्था र मानवीय मर्यादालाई समेत ख्याल नगरी सार्वजनिक सञ्चारमाध्यमबाट निराधार टीकाटिप्पणी नगर्न नगराउन आयोगले सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराएको छ ।

आयोगको कानुनप्रतिको निष्ठा र यसले सम्पादन गरेका काम कारबाहीका विषयमा आएका कपोलकल्पित एवं निराधार विषयमा विश्वास नगर्न पनि सरोकार भएका सबैमा आयोगले अनुरोध गरेको छ ।

कान्तिपुर टेलिभिजनमा आइतबार प्रसारित सरोकार कार्यक्रममा राजनीतिक दलका जिम्मेवार व्यक्तिबाट आयोग र कार्यवाहक प्रमुख निर्वाचन आयुक्तलाई जोडेर गरिएका टिप्पणीप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ । आयोग कानुनी शासनमा सदैव पूर्ण विश्वास गर्ने भएकाले यसले गर्ने हरेक काम नेपालको संविधान र प्रचलित कानुनबमोजिम सम्पादन हुँदै स्पष्ट पारिएको छ ।

# 'अफ्रिकन स्वाइन फिभर'का कारण एकसय बीस बङ्गुर मरे

चितवन, ३ चैत (रासस) ।

अफ्रिकन स्वाइन फिभरका कारण जिल्लामा १२० वटा बङ्गुर मरेका छन् । इच्छाकामना गाउँपालिकास्थित दुईवटा फार्म र भरतपुर महानगरपालिकाको एउटा फार्मका बङ्गुर मरेका हुन् ।

भरतपुर महानगरपालिकाको थप एउटा फार्ममा समेत फिभरको लक्षण देखिएपछि नमूना सङ्कलन गरी परीक्षणका लागि पठाइएको पशु सेवा कार्यालयका प्रमुख डा प्रभात न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार अफ्रिकन स्वाइन फिभर घरपालुवा सुँगुर, बँदेल, बङ्गुर प्रजातिमा भाइरसबाट लाग्ने उच्च मृत्युदर भएको सरुवा रोग हो । यो रोग नेपालमा पहिलोपटक २०७९ साल जेठ २ गते पुष्टि भएको थियो ।

रोग सङ्क्रमित सुँगुर बङ्गुरबीच प्रत्यक्ष सम्पर्कबाट, रोगी बङ्गुरको र्‍याल, मलमूत्र, रगत, मासु र लसपस भएको दानापानीबाट, बिरामी बङ्गुरको ओसारपसार वा किनबेच गर्दा, सङ्क्रमण खोरमा काम गर्ने कामदार र सङ्क्रमित खोरमा गएको मानिसले प्रयोग गरेको लुगाकपडा, जुत्ता चप्पल आदि प्रयोग गर्दा सर्न सक्ने न्यौपानेले जानकारी दिनुभयो ।

यो रोग लागेका बङ्गुरहरू एकै ठाउँमा थुप्रिएर बस्ने, शरीरमा निला डामहरू देखापर्ने, कानका टुप्पाहरूमा रगत जमेका धब्बाहरू देखिने, नाकबाट फिज निकाल्ने, रोग सङ्क्रमित सुँगुर-बङ्गुरलाई उच्च ज्वरो (१०४ देखि १०७ डिग्री फरेनहाइट) आउने, कान, पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, झोक्राउने र दानापानी खान छोड्ने, बान्ता गर्ने, छट्पटाउने, चाल धरमराउने, बच्चा तुहिनेजस्ता लक्षणहरू देखापर्ने उहाँले बताउनुभयो ।

यस रोगबाट बचन बङ्गुरपालन गर्दा खोरमा थुनेर पाल्ने, बङ्गुरको खोरमा अनावश्यक मानिसको आवत-जावत रोक्ने, बङ्गुर फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गर्नेजस्ता उपायहरू अपनाउनुपर्ने कार्यालयले जनाएको छ ।

बाहिरको बथानबाट नयाँ बङ्गुर ल्याएमा सिधै फार्ममा रहेका बङ्गुरसँग नमिसाई २१ दिन क्वारेन्टाइनमा राख्ने र रोग नदेखिएपछि मात्र बथानमा मिसाउने, बङ्गुरको खोर फार्म र फार्म वरिपरि नियमित सरसफाइ गरी चुना, फिनेल, फर्मालिन, ब्लिचिङ पाउडर आदिले निःसङ्क्रमण गर्ने, रोग लागेका बङ्गुरलाई बथानबाट छुट्याएर अलग राख्नेजस्ता कार्य गर्दा क्षति कम हुने न्यौपानेको भनाइ छ ।

# तिर्न बाँकी सरकारी ऋण २८ खर्ब ७८ अर्ब

काठमाडौं, ३ चैत (रासस) ।

चालु आर्थिक वर्ष २०८२/८३ को सुरुमा कुल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा फागुन मसान्तसम्ममा रु २८ खर्ब ७८ अर्ब २९ करोड पुगेको छ । पछिल्लो आठ महिनामा मात्र रु दुई खर्ब चार अर्ब २४ करोड सरकारी ऋण थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार यो अवधिसम्ममा सरकारले रु १३ खर्ब ४८ अर्ब ११ करोड ५७ लाख आन्तरिक र रु १५ खर्ब ३० अर्ब १८ करोड बाह्य ऋण तिर्न बाँकी रहेको छ । कुल सार्वजनिक ऋणमा फागुन मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३ दशमलव १६ र आन्तरिक ऋणको हिस्सा ४६ दशमलव ८४ प्रतिशत रहेको छ । हालसम्मको कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४७ दशमलव १३ प्रतिशत हुन आउँछ ।

सरकारले चालु आर्थिक वर्षका लागि रु पाँच खर्ब ५९ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा फागुन मसान्तसम्ममा रु दुई खर्ब ९५ अर्ब १९ करोड ऋण उठाइसकेको छ । जुन वार्षिक लक्ष्यको ५० दशमलव ४४ प्रतिशत हो ।

चालु आर्थिक वर्षका लागि आन्तरिकतर्फ रु तीन खर्ब ६२ अर्ब ऋण उठाउने लक्ष्य रहेकामा हालसम्म ६७ दशमलव ३१ प्रतिशत अर्थात् रु दुई खर्ब ४३ अर्ब ६६ करोड बराबर उठिसकेको छ ।

त्यस्तै, बाह्यतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख ऋण उठाउने लक्ष्य रहेकामा फागुन मसान्तसम्ममा २४ दशमलव ३१ प्रतिशत अर्थात् रु ५६ अर्ब ८० करोड मात्रै उठेको छ ।

त्यस्तै, सरकारी ऋणको साँवा-ब्याज तिर्नका लागि यस वर्ष सरकारले रु चार खर्ब ११ अर्ब एक करोड विनियोजन गरेकामा फागुन मसान्तसम्ममा रु दुई खर्ब ४२ अर्ब २६ करोड भुक्तानी भइसकेको छ । यो वार्षिक विनियोजनका आधारमा ५८ दशमलव ९४ प्रतिशत हो । कुल गार्हस्थ्य उत्पादनको आधारमा माघ मसान्तसम्मको कुल ऋण सेवा खर्च तीन दशमलव ९७ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

## किताब जलाएको ...

पत्रानुसार विस्तृत व्होरा संलग्न पत्रबाट अवगत भएको र पत्रमा उल्लेख भएको घटनाका सम्बन्धमा छानबिन गरी दोषीलाई कारबाहीका लागि पठाइएको मन्त्रालयले उल्लेख गरेको छ । मोरङको मनमोहन टेक्निकल इन्स्टिच्युटमा चिनियाँ राष्ट्रपति सी जिनपिङको 'द गभर्नेन्स अफ चाइना' भन्ने किताब जलाएको विषयमा चीनले परराष्ट्र मन्त्रालयमार्फत ध्यानाकर्षण गराएको थियो ।

उक्त घटनाको छानबिन तथा कारबाही गर्न काठमाडौंस्थित जनवादी गणतन्त्र चीनको दूतावासबाट प्राप्त कूटनीतिक पत्रसहित परराष्ट्र मन्त्रालयले गृह मन्त्रालयलाई पत्राचार गरेको थियो ।

सोही पत्रउपर गृह मन्त्रालयले आवश्यक कारबाहीका लागि प्रहरीलाई पत्राचार गरेको हो । सो घटनाका सम्बन्धमा अनुसन्धान गर्न दोषीलाई कानुनी दायरामा ल्याउन मोरङको जिल्ला प्रशासन र प्रहरीलाई गृहमन्त्रालयले निर्देशन दिएको छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np